# बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ४ | संख्या – ६ | मितिः ०४ माघ २०७७


## भाग - २

## बेनीघाट रोराङ गाउँपालिका युवा तथा खेलकूद विकास समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

# युवा तथा खेलकूद विकास समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७

*कार्यपालिकाबाट स्वीकृत मिति २०७७०९।०६*

**प्रस्तावना :**बेनीघाट रोराङ गाउँ कार्यपालिकाको मातहत रहने गरी गाउँपालिकाको युवा तथा खेलकुद परिषद् र सोही परिषद् मातहत प्रत्येक वडामा रहने युवा तथा खेलकूद विकास समिति मार्फत युवा तथा खेलकूद सम्बन्धी गाउँपालिका स्तरीय नीति निर्माण देखि कार्यान्वयन तह सम्म आवश्कता अनुसार युवाहरुलाई संलग्न गराई गाउँपालिकाको सर्वाङ्गीण विकासको मूल प्रवाहमा युवाको सहभागिता सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधान, २०७२ को अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, **२०७४ को दफा ११ (फ) र (थ) मा रहेको प्राबधान सम्बन्धी कार्य गर्न बेनीघाट रोराङ गाउं कार्यपालिकाबाट यो शिक्षा,युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि,२०७७ जारी गरिएको छ ।**

## परिच्छेद – १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधिबेनीघाट रोराङ राजपत्रमा प्रकाशन भएपछि बेनीघाट रोराङ गाउँपालिका क्षेत्र भरी लागूहुनेछ ।

२. **परिभाषा** : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "अध्यक्ष" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठन हुने परिषद्को अध्यक्षलाई सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको अध्यक्ष समेतलाई बुझाउंछ ।

(ख) "कार्यपालिका" भन्नाले बेनीघाट रोराङ गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले बेनीघाट रोराङ गाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(घ) "कार्यविधि" भन्नाले युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७ लाई सम्झनु पर्छ ।

(ङ) "कोष" भन्नाले प्रत्येक वडाको युवा तथा खेलकुद विकास कोषलाई सम्झनु पर्छ ।

(च) "गाउँपालिका" भन्नाले बेनीघाट रोराङ गाउँपालिकालाई सम्झनु पर्छ ।

(छ) "परिषद्" भन्नाले कार्यविधिको दफा ३ बमोजिमको परिषद्लाई सम्झनु पर्छ ।

(ज) “युवा” भन्नाले गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने सोह्र वर्षदेखि चालीस वर्षसम्मको उमेर भएको व्यक्तिलाई सम्झनु पर्छ ।

(झ) “वडा”भन्नाले बेनीघाट रोराङ गाउँपालिका मातहतको कुनै पनिवडालाई सम्झनु पर्छ ।

(ञ) “वडा सचिव” भन्नाले बेनीघाट रोराङ गाउँपालिका क्षेत्रभित्रको सम्बन्धित वडाको वडा सचिवलाई सम्झनु पर्छ ।

(ट) “वडाध्यक्ष” भन्नाले बेनीघाट रोराङ गाउँपालिका मातहतको सम्बन्धित वडाको वडाध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) “वडा समिति” भन्नाले सम्बन्धित वडाको वडा समितिलाई सम्झनु पर्छ ।

(ड) “सदस्य” भन्नाले आवश्यकताअनुसार यस कार्यविधि बमोजिम गठन हुने समिति तथा परिषद्का सदस्यलाई सम्झनु पर्छ ।

(ढ) “संयोजक” भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठन हुने युवा तथा खेलकुद विकास समितिको संयोजकलाई सम्झनुपर्छ ।

(ण) “समिति” भन्नाले कार्यविधिको दफा ६ बमोजिम प्रत्येक वडामा गठन हुने युवा तथा खेलकुद विकास समितिलाई सम्झनु पर्छ ।

(त) “सामाजिक विकास समिति” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सामाजिक क्षेत्र हेर्ने कार्यपालिका मातहतको सामाजिकविकास समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद– २

## युवा तथा खेलकद परिषद् सम्बन्धी व्यवस्था

३. **परिषद्को गठन** : (१) गाउँपालिकाको प्रत्यक्ष मातहतमा रहने गरी गाउँपालिका स्तरीय एक युवा तथा खेलकुद विकास परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्को गठन देहाय बमोजिम हुनेछ :–

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको व्यक्ति -अध्यक्ष

(ख) सबै वडाका युवा तथा खेलकुद विकास समितिका संयोजकहरु मध्येबाट परिषदले मनोनित गरेको तीन जना-सदस्य

(ग) खेलकुदको विभिन्न विधामा स्थापित संघ संस्थामा आवद्ध व्यक्तित्वहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले मनोनित गरेको तीन जना –सदस्य

(घ)युवाको हक, हितको संरक्षण र सम्वर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष

योगदान पुऱ्याएका युवाहरु मध्येबाट सामाजिक विकास समितिले मनोनित गरेको दुईजना –सदस्य

(ङ) सामाजिक विकास समितिको संयोजक –सदस्य

(च) शिक्षा, युवा तथा  खेलकुद विकास शाखाको शाखा प्रमुख वा निजले तोकेको कर्मचारी –सदस्य सचिव

(३) उपदफा (२)  बमोजिमका सदस्यहरुको मनोनयन गर्दा कम्तिमा तेत्तिस प्रतिशत महिला पर्ने गरी गरिनेछ ।

(४) मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी परिषद्को बहुमत सदस्यले ठहर गरी सामाजिक विकास समिति मार्फत कार्यपालिकामा सिफारिस गरेमा मनोनित गर्ने व्यक्तिवा संस्थाले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

४. **परिषद्को बैठक र निर्णय** : (१) परिषद्को बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(३) परिषद्को बैठक हुनु भन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(६) परिषद्को बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(७) परिषद्को बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ ।

५. **परिषद्को काम, कर्तव्य र अधिकार** : यस कार्य विधिमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) युवा तथा  खेलकुद सम्बन्धी गाउँपालिकास्तरीय दीर्घकालीन नीतिको मस्यौदा तर्जुमा गरी सामाजिक विकास समितिमा पेश गर्ने ।

(ख) युवा तथा  खेलकुद लक्षित गाउँपालिका स्तरीय वार्षिक कार्यक्रमहरुको तर्जुमा गरी सामाजिक विकास समितिमा पेश गर्ने ।

(ग) गाउँपालिका क्षेत्र भित्र क्रियाशील विभिन्न युवा तथा खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुलाई गाउँपालिकामा सूचीकृत गर्ने र उल्लिखित संस्थाहरुको काम कारबाहीको रेखदेख तथा नियमन गर्ने ।

(घ) खेलकुदका विभिन्न विधामा गाउँपालिकास्तरीय टिमको छनोट गर्ने ।

(ङ) गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी सामाजिक विकास समितिमा सिफारिस गर्ने ।

(च) गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई विकासको मूल प्रवाहमा परिचालन गर्न अभियान मूलक कार्य सञ्चालन गर्ने, गराउने ।

(छ) युवा विकास, सशक्तीकरण एव्म मूल प्रवाहीकरण सम्बन्धी विषयमा सामाजिक विकास समितिमा सिफारिस गर्ने ।

(ज) गाउँपालिका क्षेत्र भित्रका युवाहरुलाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

(झ) गाउँपालिकामा सूचीकृत युवा तथा खेलकुद सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

(ञ) कार्यपालिका तथा सामाजिक विकास समितिले तोकेको अन्यकार्य गर्ने, गराउने ।

## परिच्छेद– २

## युवा तथा खेलकूद विकास समिति सम्बन्धी व्यवस्था

६. **समितिको गठन** : (१) प्रत्येक वडामा युवा तथा खेलकुद सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागि एक युवा तथा खेलकुद विकास समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :–

(क) गाउँपालिका क्षेत्र भित्र खेलकुद क्षेत्रमा क्रियाशील युवाहरु मध्येबाट वडा समितिले छनोट गरेका एक जना –संयोजक

(ख) खेलकुदको विभिन्न विधामा स्थापित संघसंस्थामा आबद्ध व्यक्तित्वहरु मध्येबाट वडा अध्यक्षबाट मनोनित पाँच जना –सदस्य

(ग) युवाको हक, हितको संरक्षण र सम्वर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुऱ्याएका युवाहरु मध्येबाट वडा समितिबाट मनोनित चारजना–सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव वा निजले तोकेको कर्मचारी –सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन गर्दा कम्तिमा तीनजना महिलाको प्रतिनिधित्व सुनिश्चितहुने गरी गर्नुपर्नेछ ।

(४) मनोनित सदस्यहरुको पदावधिदुई वर्षको हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिश गरेमा मनोनित गर्ने व्यक्ति वा निकायले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर, त्यसरी पदबाट हटाउनु अघिनिजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

७. **<u>समितिको बैठक र निर्णय</u>** : (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक सम्बन्धित वडा कार्यालयमा बस्नेछ ।

(२) संयोजकले तोकेको मिति र समयमा समितिको बैठक बस्नेछ ।

(३) समितिको बैठक हुनु भन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफलहुने विषयको कार्य सूची सहितको सूचना सदस्य सचिवले सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिल निर्णायक मत दिन सक्नेछ ।

(६) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(७) समितिको बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ ।

८. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) युवा तथा खेलकूद लक्षित वडा स्तरीय कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने ।

(ख) वडा भित्र क्रियाशील विभिन्न युवा तथा  खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुवीच आवश्यक समन्वय एवम् सहजीकरण गर्दै त्यस्ता संघसंस्थाहरुको काम कारबाहीमा रेखदेख तथा नियमन समेत गर्ने ।

(ग) खेलकुदका विभिन्न विधामा वडास्तरीय टिमको छनोट गर्ने ।

(घ) वडा भित्रका युवाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी वडा समितिमा सिफारिश गर्ने ।

(ङ) युवालाई विकासको मूलप्रवाहमा परिचालन गर्न अभियान मूलक कार्य सञ्चालन गर्ने, गराउने ।

(च) युवालाई विकास निर्माण तथा  समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

(छ) युवा सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

(ज) कार्यपालिका तथा  वडा समितिले तोकेको अन्यकार्य गर्ने, गराउने ।

## परिच्छेद४

## युवा तथा  खेलकुद विकास कोष सम्बन्धी व्यवस्था

९. **युवा तथा  खेलकूद विकास कोष** : प्रत्येक वडास्तरीय युवा तथा  खेलकुद विकास समितिको एक छुट्टै कोष रहनेछ, जसमा देहायका रकमहरु रहनेछन् :–

(क) गाउँपालिकाबाट प्राप्त अनुदान रकम ,

(ख) शुल्क वापत उठेको रकम ,

(ग) चन्दावा पुरस्कार वापत प्राप्त रकम ,

घ) गाउँपालिका अन्तर्गतको वडाबाट प्राप्त अनुदान रकम ,

(ङ) अन्य स्रोतबाटप्राप्त रकम ।

१०.**युवा तथा  खेलकूद विकास कोषको सञ्चालन** : (१) कोषमा जम्मा भएको रकम समितिको निर्णय बमोजिम खर्च गर्नुपर्नेछ ।

(२) कोषको सञ्चानल  समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट गरिनेछ ।

(४)कोषको हिसाब किताब राख्ने काम समितिको संयोजक र सदस्य सचिवको हुनेछ ।

(५) कोषको रकम नजिकैको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(६) युवा तथा  खेलकूद विकास कोषको आम्दानी खर्चको विवरण मान्यता प्राप्त लेखा परीक्षकबाट हरेक वर्ष लेखा परीक्षण गराउनु पर्नेछ ।

## परिच्छेद ५

## विविध

११. **<u>भाग लिन नहुने</u>** : परिषद् र समितिका कुनै सदस्य वा पदाधिकारीले आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन।

१२. **<u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u>** : परिषद् वा समितिले यस कार्यविधि बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नका निमित्त आवश्यकता अनुसार बढीमापाँच सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

१३. **<u>पारिश्रमिक, सुविधातथा बैठक भत्ता</u>** : (१) समिति र परिषद्का पदाधिकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा बैठक भत्ता पाउने छन् ।

(२) वर्षमा बढीमा छ वटासम्म बस्ने बैठकको लागिमात्र बैठक भत्ताउपलब्ध गराइनेछ ।

१४. **<u>वार्षिक प्रतिवेदन</u>** : (१) परिषद्ले आफूले वर्षभरिमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्तभएको एक महिना भित्र गाउंपालिकाको अध्यक्षलाई पेश गर्नु पर्नेछ ।

(२) वडा स्तरका युवा तथा खेलकुद विकास समितिले आफूले वर्षभरिमा सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्तभएको एक महिनाभित्र सम्बन्धित वडाका वडाध्यक्ष मार्फत परिषद् समक्ष पेश गर्नु पर्नेछ र वडाध्यक्षले उक्त प्रतिवेदन वडा समितिको बैठकमा प्रस्तुत गरी सोको अभिलेख वडामा राख्नुपर्नेछ ।

१५. **<u>निर्देशनदिन सक्ने</u>** : (१) कार्यपालिकाले दिएको निर्देशन पालना गर्नुयस कार्यविधि बमोजिम गठित समिति र परिषद्को कर्तव्य हुनेछ ।

१६. **<u>संरक्षक सम्बन्धी व्यवस्था</u>** : (१) परिषदको अध्यक्ष गापाको अध्यक्ष नभएमा परिषद्को संरक्षक गापाका अध्यक्ष हुनेछन् ।

(२) वडास्तरीय समितिको संरक्षक सम्बन्धित वडाका वडाध्यक्ष हुनेछन् ।

१७. **<u>सहयोग गर्नु पर्ने</u>** : यस कार्यविधि बमोजिम गठित परिषद् र समितिको काम कारबाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१८. **<u>परिषद् र समितिको विघटन</u>** : (१) यस कार्यविधिमा उल्लिखित उद्देश्य बमोजिम काम गर्न नसक्ने परिषद्लाई सामाजिक विकास समितिको सिफारिसमा कार्यपालिकाले विघटन गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा उल्लिखित उद्वेश्य बमोजिम काम गर्न नसक्ने समितिलाई सम्बन्धित वडा समितिले विघटन गर्न सक्नेछ । यसरी समिति विघटन गरिएकोमा सोको जानकारी वडा समितिले सामाजिक विकास समितिलाई गराउनु पर्नेछ ।

१९. **<u>विषयगत समितिका संयोजक परिषद्को अध्यक्ष हुन नपाउने</u>** : यस कार्यविधिको अन्यत्र नियममा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँकार्यपालिका मातहतको विषयगत समितिका संयोजकहरु यस कार्यविधि बमोजिम गठनहुने परिषद्को अध्यक्ष हुन पाउने छैनन् ।

२०. **कार्यपालिकासँग सम्पर्क** : परिषद्ले कार्यपालिकासँग सम्पर्क राख्नुपर्दा शिक्षा, युवा तथा खेलकुद शाखा/सामाजिक विकास समिति मार्फत राख्नु पर्नेछ ।

२१.**मापदण्ड बनाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयन गर्नका लागि परिषदको सिफारिसमा कार्यपालिकाले आवश्यक मापदण्डको तर्जुमा गर्न सक्नेछ ।

२२. **बाधा अड्काउ फुकाउने** : यस कार्य विधिमा उल्लिखित प्रावधान कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२३. **यसै कार्यविधि अनुसार गठनभएको मानिने :** यो कार्यविधि बन्नु अघि गठन भएका परिषद् तथा समिति यसै कार्य विधि बमोजिम गठन भएको मानिनेछ ।

**आज्ञाले**

**लक्ष्मण प्रसाद भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**